# वित्तीय जानकारी इकाईद्वारा अनुशिक्षण कार्यक्रम सम्पन्न

वित्तीय जानकारी इकाईले goAML Operational Guidelines तथा रिपोर्टिङ्गका सम्बन्धमा बैंक तथा वित्तीय संस्था लगायतका सूचक संस्थाहरुको सहभागितामा एक दिने अनुशिक्षण कार्यक्रम बैंकको थापाथलीस्थित बैंकर्स प्रशिक्षण केन्द्रको हलमा सम्पन्न गरेको छ ।

इकाईले सूचक संस्थाहरुबाट प्राप्त STR/SAR/TTR को विश्लेषणका क्रममा इकाईका विश्लेषकहरूले प्रदान गरेका पृष्ठपोषण, इकाईद्वारा आन्तरिक रूपमा गरिएको अध्ययन प्रतिवेदनहरू, विभिन्न सरोकारवाला र कानून कार्यान्वयन गर्ने निकायहरू (LEAs) सँग भएको छलफलका क्रममा प्राप्त सुझाव तथा नियामकीय/ सुपरीवेक्षकीय निकायहरुबाट प्राप्त सुझाव समेतका आधारमा मार्च, २०२५ मा जारी गरेको goAML Operational Guidelines for BFIs V3.1 को कार्यान्वयन अवस्था, कार्यान्वयनका क्रममा देखा परेका चुनौतीहरूबारे छलफल र व्यवहारिक समाधानका उपायहरूको पहिचान र खोजी गर्नु यो कार्यक्रमको मुख्य उद्देश्य रहेको थियो । कार्यक्रममा वाणिज्य बैंकका कार्यान्वयन अधिकारीहरु तथा सूचना प्रविधि विभाग प्रमुख /प्रतिनिधिहरु, नेपाल बैंकर्स एसोशियसनका प्रतिनिधिहरु, नेपाल क्लियरिङ्ग हाउस लिमिटेड, फोनपे लगायतका सूचक संस्थाका प्रतिनिधिहरुको समेत उपस्थिति रहेको थियो ।



कार्यक्रममा इकाईका उप-निर्देशक केशव प्रसाद रिमालले कार्यक्रमको औचित्यतामाथि प्रकाश पार्दै सम्पूर्ण सहभागीहरुलाई स्वागत गर्नुभयो साथै कार्यक्रममा सक्रिय रुपमा सहभागीहुन आग्रह गर्नुभएको थियो । उप-निर्देशक



रिमालले “क” वर्गका बैंकको लागि मिति २०८१ चैत्र १६ बाट परिमार्जित मार्गदर्शन लागू भएपश्चात् Additional Information File (AIF) रिपोर्टिङ्ग हुने क्रम बढेको तर रिपोर्टिङ्गमा त्रुटीको मात्रा बढ्दै गएको, सूचनाहरु पूर्ण रुपमा प्राप्त हुन नसकेको तथा सूचक संस्थाहरुबिच समन्वयको अभाव देखिएकोले सो सम्बन्धमा बैंक तथा वित्तीय संस्था तथा अन्य सरोकारवालासँग छलफल गरी रिपोटिङ्गमा देखा परेका समस्याहरुको समाधान गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको जानकारी दिनुभयो । त्यस्तै इकाईका सहायक निर्देशक कमल पौडेलले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो जसमा goAML

Operational Guidelines for BFIs V3.1 को कार्यान्वयनको अवस्था, Contra Entry, AIF रिपोर्टिङ्गको अवस्था, STR/SAR रिपोर्टिङ्गका क्रममा देखा परेका समस्याहरु तथा समाधानका उपायहरुबारे जानकारी समावेश गरिएको थियो ।



सो कार्यक्रममा नेपाल बैंकर्स एसोशियसनको AML/CFT कमिटीका प्रतिनिधिहरुले समस्या र समाधानका उपायहरु प्रस्तुत गर्नुभएको थियो भने सम्बन्धित सरोकारवालाहरु नेपाल क्लियरिङ्ग हाउस लिमिटेडका प्रतिनिधि तथा फोनपे का प्रतिनिधिहरुले आफुसँग सम्बन्धित विषयमा पछिल्लो प्रगति र भावी योजनाबारे जानकारी दिनुभएको थियो । नेपाल बैंकर्श एसोशियसनका प्रतिनिधिहरुले सरोकारवालाहरु बिच थप समन्वय गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा इकाई प्रमुख वासुदेव भट्टराईले शंकास्पद कारोबार/गतिविधि प्रतिवेदनमा गुणात्मक सुधार ल्याउन सूचक संस्थाहरुबिच समन्वय, सहकार्य तथा सहयोग आवश्यक रहेकोले सबैको संयुक्त प्रयासबाट नै समस्याको विकल्प र समाधान निस्कने हुँदा सबैले आ-आफ्नो तर्फबाट यथासम्भव पहल गर्न निर्देशन दिनुभयो । सक्रिय सहभागिताका लागि उपस्थित सबैमा धन्यवाद ज्ञापन गर्दै भविष्यमा देखापर्ने समस्या समाधानका लागि फेरि पनि यस्ता कार्यक्रम आयोजना गरिने जानकारी गराउँदै इकाई प्रमुख भट्टराईले कार्यक्रम समापन गर्नुभयो । कार्यक्रमको सहजीकरण इकाईका सहायक निर्देशक कमल पौडेलले गर्नुभएको थियो ।